आज मिति २०७७ साल श्रावण २७ गते मंगलबार का दिन यस टोखा नगरपालिकाका प्रमुख श्री प्रकाश अधिकारीज्यूको अध्यक्षतामा तपशिल महानुभावहरुको उपस्थितिमा नगर कार्यपालिकाको ५९औं बैठक बसी देहाय बमोजिमको निर्णय गरियो ।

**उपस्थिति :**

| सि.नं. | पद | नाम,थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | प्रमुख | श्री प्रकाश अधिकारी | | |
| २. | उपप्रमुख | श्री ज्ञानमाया डंगोल | | |
| ३. | वडा अध्यक्ष वडा नं. १ | श्री श्रीकृष्ण अधिकारी | | |
| ४. | वडा अध्यक्ष वडा नं. २ | श्री दिपकराज जोशी | | |
| ५. | वडा अध्यक्ष वडा नं. ३ | श्री सिंहराज श्रेष्ठ | | |
| ६. | वडा अध्यक्ष वडा नं. ४ | श्री धर्मेन्द्र श्रेष्ठ | | |
| ७. | वडा अध्यक्ष वडा नं. ५ | श्री जगन्नाथ ढकाल | | |
| ८. | वडा अध्यक्ष वडा नं. ६ | श्री महेश्वर के.शी. | | |
| ९. | वडा अध्यक्ष वडा नं. ७ | श्री नरोत्तम राना | | |
| १०. | वडा अध्यक्ष वडा नं. ८ | श्री केशब बहादुर खत्री | | |
| ११. | वडा अध्यक्ष वडा नं. ९ | श्री जोग प्रसाद नेपाल | | |
| १२. | वडा अध्यक्ष वडा नं. १० | श्री मधुसुदन पाण्डे | | |
| १३. | वडा अध्यक्ष वडा नं. ११ | श्री उत्तम अधिकारी | | |
| १४. | नगर कार्यपालिका सदस्य | श्री बच्चु बस्याल | | |
| १५. | नगर कार्यपालिका सदस्य | श्री कल्पना घिमिरे | | |
| १६. | नगर कार्यपालिका सदस्य | श्री जगतमाया प्रजापति | | |
| १७. | नगर कार्यपालिका सदस्य | श्री शोभा तमाङ्ग | | |
| १८. | नगर कार्यपालिका सदस्य | श्री संजिब सुनुबार | | |
| १९. | नगर कार्यपालिका सदस्य | श्री लिला भुजेल | | |
| २०. | नगर कार्यपालिका सदस्य | श्री उर्मिला बि.क. | | |
| २१. | नगर कार्यपालिका सदस्य | श्री पार्बती अधिकारी | | |
| २२. | सचिव/प्रमुख प्रशासकीय अधिकृत | श्री प्रदिप पौडेल | | |

## निर्णयहरु

**निर्णय नं. १**

विश्वव्यापी महामारीको रुपमा रहेको कोभिड १९ हाल तिव्र रुपमा फैलिरहेको विषयलाई दृष्टिगत गर्दै नगर क्षेत्रभित्र समुदायस्तरमा कोभिड १९ संक्रमणको उच्च जोखिमलाई ध्यानमा राखी काठमाडौं उपत्यका भित्रका नगर प्रमुखहरुको "मेयर फोरम" को मिति २०७७/०४/२६ को निर्णयानुसार तपशिल बमोजिमका सेवाहरु स्वास्थ्य सम्बन्धी मापदण्ड पालना गरी नियमित रुपमा संचालन गर्ने र नगरपालिका तथा वडा कार्यालयहरु वाट प्रदान गरिने अन्य सम्पूर्ण सेवाहरु २१ दिन सम्मको लागी बन्द गर्ने ।

**तपशिल**

१. कोभिड १९ तथा कोरोना भाईरस नियन्त्रण तथा व्यवस्थापन सम्बन्धी कार्य
२. स्वास्थ्य सम्बन्धी नियमित सेवा
३. विपद् व्यवस्थापन संग सम्बन्धीत कार्य
४. अत्यावश्यक कामको लागी सवारी पास तथा नगर प्रवेश अनुमति सिफारिस

**निर्णय नं. २**

काठमाडौं उपत्यका भित्रका नगर प्रमुखहरुको "मेयर फोरम" को मिति २०७७/०४/२६ को बैठक वाट पारित भएका स्थानीय तहसंग सम्बन्धित निर्णयहरु कार्यान्वयन गर्ने गराउने ।

**निर्णय नं. ३**

नगरपालिकाको स्वास्थ्य शाखा वाट नगर भित्रका टोलहरुमा माईकिङ गरी कोभिड १९ सँग सम्बन्धित जानकारीमूलक सूचना प्रचार प्रसार गर्ने ।

**निर्णय नं. ४**

स्वास्थ्य शाखा वाट कोभिड १९ पहिचानको लागी Contact Tressing तथा Testing गर्दा सम्बन्धित वडा कार्यालयका प्रतिनिधिको रोहवरमा सरोकारवालाहरु सँग समन्वय गरी गर्ने गराउने ।

**निर्णय नं. ५**

विभिन्न खोलानालाहरुमा आएको वाढी वाट भएको क्षतीको मर्मत प्राविधिक प्रतिवेदनको आधारमा नगर प्रमुखले निर्णय गरे बमोजिम बिपद् व्यवस्थापन कोषवाट खर्च गर्ने गरी कार्यान्वयन प्रकृया अघि बढाउने ।

**निर्णय नं. ६**

नगर क्षेत्र भित्र रहेका निजी अस्पतालहरु सँग समन्वय गरी आवस्यकता अनुसार Isolation कक्ष निर्माण प्रकृया अघि बढाउने । साथै, वडा कार्यालयहरुले Quarantine तथा Isolation निर्माणको लागी उपयुक्त भवन पहिचान गरी नगरपालिकामा सिफारिस गरी पठाउने ।

निर्णय नं. ७

वडाध्यक्ष वा निजले तोकेको वडा सदस्यको संयोजकत्वमा प्रत्येक वडामा कोभिड १९ नियन्त्रण सम्बन्धी जनचेतना अभियान सन्चालन गरी नियन्त्रण तथा व्यवस्थापनको लागी वडा कार्यालय वाट आवस्यकता अनुसार स्वयंसेवकहरु छनोट गरी कार्य प्रकृया अघि बढाउने ।

**निर्णय नं. ८**

यस कार्यालय वाट ठेक्का सम्झौता भई कार्य भईरहेको Construction of Children's Park at Tokha-1, Kathmandu (Contract no. 011/NCB/TM/W/2075-76 ) कार्यको तपशिल बमोजिम Variation Order स्विकृत गर्ने ।

**तपशिल**

हालको लागत अनुमान : रु. ३,१६,५६,३३८ (भ्याट सहित )

थप गर्नुपर्ने रकम : रु.४७,२२,५७० (भ्याट सहित ) ( १४.९२ प्रतिशत )

Variation पछी हुन आउने कूल लागत अनुमान : रु. ३,६३,७८,९०८ (भ्याट सहित )

**निर्णय नं. ९**

वडा नं. २ र ३ मा रहेका विभिन्न संस्थाहरुलाई संस्कृति संरक्षण सम्बन्धि कार्य, वाजागाजा खरिद, मर्मत तथा व्यवस्थापन गर्ने कार्यको लागी संस्कृति संरक्षण कोषवाट रु. ७ लाख विनियोजन गर्ने ।

**निर्णय नं. १०**

विभिन्न कार्यपालिका वैठकहरुको निर्णय वाट वडा कार्यालयहरुलाई कोभिड १९ संग सम्बन्धित राहात स्वरुप खाद्यान्न सामाग्रीहरु खरिद गर्न बजेट विनियोजन गरिएकोमा वडा नं. ११ वाट सो प्रयोजनको लागी साविकमा विनियोजित रकम भन्दा बढी खर्च भई सकेको रु. ३ लाख खर्च रकमलाई अनुमोदन गर्ने ।

**निर्णय नं. ११**

कोभिड १९ नियन्त्रण, रोकथाम र व्यवस्थापन कार्यमा फ्रन्टलाईनमा खटिने स्वास्थ्यकर्मीहरुको लागी प्रोत्साहन भत्ताको व्यवस्था गर्ने सम्बन्धमा आगामी कार्यपालिका बैठकमा विस्तृत रुपमा पेश गर्न स्वास्थ्य शाखा प्रमुखलाई निर्देशन दिने ।

**निर्णय नं. १२**

तपशिल बमोजिमका व्यवसायीहरुलाई टोखा नगरपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धि कार्यविधि, २०७५ बमोजिम "घ" बर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

तपशिल

- भिषण कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. टोखा ६

- देउवा कन्स्ट्रक्सन टोखा ३
- मानेडाडाँ निर्माण सेवा प्रा.लि. टोखा ११
- नेविल ईन्जिनियरीङ सोलुसन, टोखा ३
- रत्ननगर निर्माण सेवा टोखा १
- कामाख्या विल्डर्स प्रा.लि. टोखा १०
- रंगेली निर्माण सेवा प्रा.लि. टोखा २
- झरना कन्स्ट्रक्सन कम्पनी प्रा.लि. टोखा ७
- बुद्ध सत्यवती कन्स्ट्रक्सन प्रा.लि. टोखा ६
- राईजिङ कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.
- मजबुद कन्स्ट्रक्सन, टो.न.पा. १०

**निर्णय नं. १३**

तपशिल बमोजिमका व्यवसायीहरुलाई टोखा नगरपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धि कार्यविधि, २०७५ (संशोधन सहित) बमोजिम "घ" बर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

- नौलाखा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. टो.न.पा. ७
- ममता मञ्जु कन्स्ट्रक्सन प्रा.लि. टो.न.पा. १०
- दवार कन्स्ट्रक्सन प्रा.लि. टो.न.पा. ९
- विजोन कन्स्ट्रक्सन प्रा.लि. टो.न.पा. १०
- लिखु निर्माण सेवा प्रा.लि. टो.न.पा. ३
- सलोन एण्ड स्वीकृत सप्लायर्स एण्ड कन्स्ट्रक्सन प्रा.लि. टो.न.पा. ८
- सूर्योदय उर्जा प्रा.लि. टो.न.पा. ४